# प्रेस-विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूले आज मिति २०७६ फागुन १४ गते रक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्रालय र अन्तर्गत निकायहरूबाट गत दुई वर्षमा सम्पादित कार्यहरूको मुख्य-मुख्य प्रगति विवरण समेटिएको **"रक्षा मन्त्रालयः परिचय र कार्य प्रगति"** पुस्तिका सार्वजनिकीकरण गर्नुभयो। उक्त पुस्तिकामा २०७४ फागुनमा वर्तमान सरकार गठन भएपछि दुई वर्षको अवधिमा रक्षा मन्त्रालय, नेपाली सेना र राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयबाट सम्पादित प्रमुख कार्यहरू, हासिल भएका प्रमुख उपलब्धिहरू तथा मन्त्रालयसित सम्बन्धित अन्य सान्दर्भिक सूचनाहरू समेटिएका छन्।

पुस्तिका सार्वजनिकीकरण कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले आफूले २०७४ फागुनमा रक्षा मन्त्रालयको कार्यभार सम्हालेपछिको पहिलो दुई वर्षको अवधिमा नीतिगत, कानूनी तथा संस्थागत सुधारदेखि पूर्वाधार निर्माण, विपद् व्यवस्थापन, प्रकृति संरक्षण,द्विपक्षीय सैनिक सम्बन्ध र सहयोग विस्तार लगायतका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको कुरा बताउनु भयो। उहाँले यही अवधिमा नेपाल एकीकरणसँग जोडिएका ऐतिहासिक गढी किल्लाहरूको संरक्षण र संवर्द्धनको कार्य पनि प्रारम्भ भएको कुरा राख्नु भयो। मन्तव्यका क्रममा राष्ट्रिय सुरक्षा नीति, २०७५ जारी हुनु,सैनिक ऐन तथा नियमावलीमा समसामयिक संशोधन हुनु,राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापनाको कार्य अघि बढ्नु,काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग लगायत विभिन्न राष्ट्रिय कोरिडोरहरूको निर्माणले गति लिनु, नेपाली सेना अन्तर्गत विभिन्न भौतिक संरचनाहरूको निर्माण हुनु, विपद् व्यवस्थापन क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू संचालन हुनु आदिलाई प्रमुख उपलब्धिको रूपमा चर्चा गर्नुहुँदै उहाँले मन्त्रालय र अन्तर्गतका निकायहरूमा सुरु गरिएका सुधार कार्यक्रमहरूलाई आगामी दिनमा समेत निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा मन्त्रालयका सहसचिव श्री सन्त बहादुर सुनारले उपस्थित सबैलाई स्वागत मन्तव्य राख्नुहुँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा रक्षा मन्त्रालयका सचिव श्री रेश्मिराज पाण्डे,नेपाली सेनाका रथीवृन्द, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयका वरिष्ठ पदाधिकारीहरू, मन्त्रालयका कर्मचारीहरूका साथै सरकारी एवं निजी क्षेत्रका प्रमुख सञ्चार माध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

(सन्तबहादुर सुनार)
सह-सचिव एवं प्रवक्ता

**रक्षा मन्त्रालय,**
सिंहदरबार, काठमाण्डौं
१४ फागुन, २०७६